# पर्वलाई जीविकासँग जोड्दै

**नवराज कट्टेल**
*विराटनगर, माघ १ गते*

विराटनगर महानगरपालिका-९ निवासी सुमित्रादेवी साहले माघेसङ्क्रान्तिका लागि एक हजार लड्डु बनाउने सरसामानको जोरजाम गर्नुभएको छ। उहाँले माघेसङ्क्रान्तिलक्षित मुरी (मुजा), चिउरा, तिल र बदामको परिकार बनाएर बिक्री गर्दै आउनुभएको छ। सङ्क्रान्ति आउनुभन्दा तीन दिनअघिदेखि नै विराटनगरको गुद्रीमा ढाकीमा सजिएका लड्डुका परिकार लिएर ग्राहकको प्रतीक्षा गर्नुहुन्छ।

साहले भन्नुभयो, "सङ्क्रान्ति होस् वा अन्य पर्व हामीले केही न केही आम्दानीको विकल्प सोच्नु पर्छ। यस पटक एक हजार लड्डुका परिकार बिक्री गर्ने लक्ष्य राखेको छु।"

आइतबार विराटनगर-९, गुद्रीमा भेटिएकी साहले दुई सय पोका लड्डु बिक्रीका लागि ल्याएको सुनाउनुभयो। सफा प्लास्टिकमा बाँधेको पोकामा १० वटा लड्डु हुन्छन्। उहाँले एक पोकाको मूल्य ५० रुपियाँ राख्नुभएको छ। उहाँ भन्नुहुन्छ, "यी सबै बिक्री भएमा करिब पाँच हजार रुपियाँ नाफा हुने आशा गरेकी छु।" उहाँले यी परिकार बनाउँदा सरसफाइमा विशेष ध्यान दिएको दाबी पनि गर्नुभयो।



तस्बिर : नवराज कट्टेल
**विराटनगरमा मुजाका लड्डु बिक्री गरिँदै।**

सङ्क्रान्तिका लागि विभिन्न किसिमका सामान लिएर बिक्री गर्दै आएकी रिनादेवी साहका अनुसार सखर, तिल, चिउरा, मुजा किन्न आउने सेवाग्राहीलाई खुसी बनाउन सक्दा आफ्नो कमाइ राम्रो हुने बताउनुहुन्छ।

विराटनगर-८ निवासी अशोक साहले सङ्क्रान्ति मान्ने मान्यता धान्न पैसा हुनेका लागि जति सहज छ त्यति नै असहज पैसा नहुनेका लागि हुने गरेको बताउनुभयो। उहाँले जाँगर भए पनि घरमा बनाउन नभ्याउनेका लागि बजारमा खरिद गर्ने लड्डुका परिकार अस्वस्थ हुन्छन् भन्ने डर नहुने भनाइ राख्नुभयो।

गुद्रीमा कन्दमूल बिक्री गर्दै आएका पारसकुमार मेहताले पर्वमा माग हुने वस्तुको व्यापार नगरी वर्षभरिको जीविकोपार्जन चलाउन नसक्ने बताउनुहुन्छ। उहाँका अनुसार आइतबारदेखि मात्रै बजारमा सङ्क्रान्ति बजारको किनमेल बढेको हो। उहाँले यस पटक सुतुनी ८० रुपियाँ प्रतिकिलोग्राम, सिमल तरुल ८० रुपियाँ प्रतिकिलोग्राम, इस्कुसको जरा १८० रुपियाँ, घर तरुल एक सय रुपियाँ रहेको बताउनुहुन्छ। सङ्क्रान्तिका लागि आउने कन्दमूलमा वन तरुलको परिमाण भने न्यून हुने गरेको छ।

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, माघ १ गते*

मोरङको लेटाङ नगरपालिका गरेको अन्तरधार्मिक शान्तिपार्कको पाँचधर्मका धर्म गुरु एकै स्थानमा बसे अन्त्य गर्ने अवधारणाका साथ निम शान्तिपार्क नगरको गौरवको आयोज

लेटाङ नगरपालिकाले आर्थिक मा एक करोड रुपियाँ विनियोजन गरे रकमबाट शान्तिपार्कको जग निर्मा नगरको वडा नं. १ राजारानीमा निर्मा पार्कमा संसारभरका मानिने प्रमुख स्थानमा बसेर अन्तरधर्मका विषय बहस गर्ने वातावरण जुटाउने छ।

तत्कालीन लेटाङभोगटनी न एक नगरपालिका एक पहिचान का २०७२ मा ऐतिहासिक राजारानी अन्तरधार्मिक शान्तिपार्क निर्माण ग भएको थियो तर बजेटको अभाव निर्माणको काम अगाडि बढ्न सकेको थिएन। नगरप्रमुख भूपेन्द्रकुमार लावतीका अनुसार नगरपालिकाले छ करोड आठ लाख रुपियाँको लागत परियोजना निर्माण

# योग दिवस मनाइयो

**फिदिम समाचारदाता**
*फिदिम, माघ १ गते*

१० राष्ट्रिय योग दिवस फिदिम-१ को गणतन्त्र चोकमा विविध कार्यक्रम आयोजना गरेर मनाइएको छ। 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' भन्ने मूल नारासहित पतञ्जली योग समिति नेपाल पाँचथरको अगुवाइमा यो दिवस मनाइएको हो।

दिवसका सन्दर्भमा प्रभातफेरी र योगको महत्त्वमा चर्चा परिचर्चासँगै योग आसनको नमुना प्रदर्शन र शुभकामना आदानप्रदान कार्यक्रम सञ्चालन गरिएका थिए। फिदिम-१ स्थित पतञ्जली योग समितिको साधना कक्षबाट सुरु भएको प्रभातफेरीपछि साधकले गणतन्त्र चोकमा पुगेर योग साधनाका विभिन्न अभ्यासको नमुना प्रदर्शन गरेका थिए। कार्यक्रममा पतञ्जली योग समिति नेपाल पाँचथरका अध्यक्ष हरिप्रकाश सुवेदी, केन्द्रीय सदस्य शान्ता गौतम र ब्रह्मकुमारी राजयोग सेवा केन्द्रकी सञ्चालिका ब्रह्मकुमारी टीकालगायतले शुभकामना मन्तव्यसहित योग र प्राणायामको महत्त्वबारे चर्चा गर्नुभएको थियो।

गोरखापत्र दैनिक


**Government of Nepal**
**Ministry of Industry, Commerce and Supplies**
**Nepal Intermodal Transport Development Board**

**Invitation for E-Bids**

**(Date of Publication: 2081/10/02)**

1. Nepal Intermodal Transport Development Board (NITDB) invites electronic bids from eligible bidders for the following:

| S. N. | Particulars | Unit | Bid Security (NRs.) | Last Date of Submission of bid | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|
| i. | Procurement of Supply, Delivery and Installation of Mezzanine Floor Racking System at Tatopani ICD and Birgunj ICD (NITDB/G/NCB-10 (2081/82)) | 1 | 5,50,000.00 | 2081/11/02 B.S. Time 12:00 Hrs | 2081/11/02 B.S. Time 13:00 Hrs | NCB (Single Stage Single Envelope Bidding Procedure) |

2. For more information please visit PPMO e-GP system www.bolpatra.gov.np/egp or contact NITDB Office, Chobhar, Kirtipur-6, Kathmandu, Nepal (Email: nitbktm@nitdb.gov.np) Website: www.nitdb.gov.np. Phone: 01-4332896\\

Government of Nepal (GoN)
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction (DUDBC)**
Babarmahal, Kathmandu

**Invitation for Bid**

Date of publication: 2081/10/02

DUDBC invites electronic bids from eligible bidders for the following works under NCB: Single Stage Double Envelope system bidding procedure.

| Contract ID | Name of Project |
|---|---|
| DUDBC-BDSLFSCPIU/WORKS/NCB/05/081/082 | Road Upgradation Work (Section: Aletar-Bancharedada-Bhandarthumka-dhokabhanjyang Road and Mahalaxmithan-magaltol Road |

Eligible Bidders may obtain further information from the PPMO web portal **www.bolpatra.gov.np/egp**